# नेपाल गजेट

नेपाल सरकारद्धारा प्रकाशित

काठमाडौं पौष २९ गते ०१ साल

भाग ५

## शिक्षाविभागको

## सूचना

नेपाल सरकारको एस्.एल्.सी. अथवा त्यससरहको परीक्षामा उत्तीर्ण भएका विद्यार्थीहरुले एक अथवा एकभन्दा बढी विषयहरुमा फेरि परीक्षा दिन चाहेमा पालना गर्नुपर्ने नियमावली प्रकाश गरिदिएको छ।

१. एस्. एल्. सी अथवा त्यससरहको परीक्षाहरुमा उत्तीर्ण भएका विद्यार्थीहरुले भविष्यमा हुने वार्षिक र पूरक एस्. एल्. सी. परीक्षाहरुमा अनिवार्य, इच्छाधीन वा थप इच्छाधीन विषयहरुमध्ये यदि एक अथवा एकभन्दा बढी विषयहरुमा परीक्षामा हाजिर भई उत्तीर्ण हुन आएमा, त्यो वा ती विषयहरुमा उत्तीर्ण भएको छ भन्ने विशेष प्रमाणपत्र दिइने भएको छ।

२. माथिको नियम यहा २००६ सालका पूरक प्रवेशिका परीक्षादेखि लागू हुने गरिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. एक अथवा एकभन्दा बढी विषयहरुमा परीक्षा दिन हाजिर हुन चाहनेले आफआफ्नो आवेदनपत्र जुन हाईस्कूलबाट एस्. एल्. सी. परीक्षालाई पहिले सेन्ट अप भएको थियो, उक्त हाईस्कूलका प्रधान अध्यापक अथवा सरकार डिभिजनल इन्सपेक्टर अफ स्कूलद्वारा यस अफिसमा दाखिल हुनुपर्छ।

एक अथवा एकभन्दा बढी विषयहरूमा परीक्षा दिन चाहनेले एक विषयका मोरु. १० का दरले प्रत्येक विषयका शुल्कका साथ आवेदनपत्रहरू यस आफिसमा वर्षेनी हुने वार्षिक र पूरक प्रवेशिका परीक्षाहरूका शुल्क बुझाउने म्यादका सूचनाका साथ दाखिल हुनुपर्छ।

एस्. एल् सी. अथवा त्यससरहको परीक्षाहरुमा उत्तीर्ण भएको हो भन्ने कुराको प्रमाण विद्यार्थीले पहिले सेन्ट अप भएको हाईस्कूलका प्रधान अध्यापक अथवा डिभिजनल इन्सपेक्टर अफ स्कूलबाट आवेदनपत्रका साथ यस आफिसमा पेश हुनुपर्छ।

परीक्षा—नियन्त्रक.

गोरखापत्र छापाखानाबाट प्रकाशित

३०६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।